बैठक संख्या: ०१।२०८३

बैठक मितिः २०८३।०४।०५, समयःबिहान ७:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०४।०५ गते मंगलबार बिहानको ७:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशब गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिकासदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिकासदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिकासदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| २० | श्री तेज नारयण यादब | प्रमुखप्र शासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोइराला | सुचना प्रबिधिक अधिकृत | |
| ३ | श्री मुना पोखेल | सहायक पाँचौ | |
| | | | |

बैठक संख्या: १।२०८३-२०८४
बैठक मिति:२०८३।०४।०५ विहान ७:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>प्रस्तावहरु.</u>

१. प्रस्ताव नं. १: प्रदेश लगानी प्राधिकरण अन्तर्गत रासताल क्षेत्रको पूर्वाधार विकास सम्बन्धमा।

२. प्रस्ताव नं. २: विविध ।

<u>निर्णयहरु</u>

<u>निर्णय नं.१(क)</u>

प्रदेश लगानी प्राधिकरण अन्तर्गत रा.स. ताल क्षेत्र पूर्वाधार विकास सम्बन्धी अध्ययन समितिबाट तपसिल बमोजिम पेश भएको प्रतिवेदनमाथि यस कार्यपालिकामा छलफलका लागि प्रस्तुत गर्ने निर्णय गरियो।

**तपसिलः समिति बाट सुझाव**

१. परियोजनासँग सम्बन्धित EIA प्रतिवेदन समावेश गर्न उपयुक्त देखिएको ।

२. फुटबल खेलमैदानलाई संरक्षित राखी प्रस्तावित होमस्टेको व्यवस्थापन अन्य उपयुक्त स्थानमा गर्न उपयुक्त देखिएको।

३. समरूपको आयोजनाको रूपमा हेरिएको Sky Walk Bhedetar मा वार्षिक आयको ५% मनोरन्जन कर र ५% रोयाल्टि राज्यलाई भुक्तानी गरि रहेकोमा सिहि बमोजिमको मनोरन्जन कर र रोयाल्टि लिने गरि सम्झौता गर्न उपयुक्त देखिएको ।

४. परियोजना उपयोग हुने क्षेत्रको घेराबेरा गर्न उपयुक्त देखिएको।

५. परियोजना क्षेत्रभित्र रहेका धार्मिक स्थलहरूको संरक्षण तथा व्यवस्थापन गर्न उपयुक्त देखिएको।

६. समरूप आयोजनाको रूपमा रहेको Sky Walk Bhedetar को स्वामित्व हस्तान्तरण अवधि २५ वर्ष रहेकोमा प्रस्तावित परियोजनामा ४५ वर्षको अवधि प्रस्ताव गरिएको देखिएकाले RCC Structure, Iron Structure तथा अन्य Civil Structure को औसत आयु ५०—६० वर्ष हुने, प्रस्तावित अवधिपश्चात् स्वामित्व हस्तान्तरण हुँदा नगरपालिकाले मर्मत—सम्भारका लागि ठूलो रकम लगानी गर्नुपर्ने तथा अपेक्षित प्रतिफल प्राप्त गर्न कठिन हुने देखिएको, साथै अन्य PPP Model मा सञ्चालित परियोजनाहरूको अधिकतम अवधि २५ वर्षसम्म रहेको आधारमा प्रस्तावित परियोजनाको सम्झौता अवधि अधिकतम २० वर्ष कायम गर्न उपयुक्त देखिएको।

बैठक संख्या: १।२०८३-२०८४
बैठक मिति:२०८३।०४।०५ बिहान ७:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.१(ख)

प्रदेश लगानी प्राधिकरण अन्तर्गत रा.स. ताल क्षेत्र पूर्वाधार विकास सम्बन्धी निर्णय नं. १(क) बमोजिम पेश भएको सुझावमाथि छलफल गर्दा परियोजनाको निर्माण अवधि बाहेक सञ्चालन अवधि २९ वर्ष कायम गर्ने, परियोजनाका लागि आवश्यक २० बिघा जग्गा उपलब्ध गराउने तथा वार्षिक आयको ५ प्रतिशत मनोरञ्जन कर वा प्रदेश ऐन बमोजिम र कुल आयको ३ प्रतिशत रोयल्टी कायम गर्ने यस कार्यपालिका बाट निर्णय गरी सोही बमोजिम सम्बन्धित निकायमा राय/सुझाव पठाउने निर्णय गरियो।

निर्णय नं.२(क)

आ.व. २०८३/०८४ को भौतिक पूर्वाधार निर्माण कार्यहरूको लागत अनुमान (दर विश्लेषण) तयार गर्न सुनसरी जिल्लाको स्वीकृत दररेट लागू गर्ने तथा उक्त दररेटमा समावेश नभएका सामग्रीहरूको हकमा मोरङ जिल्लाको स्वीकृत दररेट प्रयोग गर्ने निर्णय गरियो।

निर्णय नं.२(ख)

भूमि व्यवस्था सम्बन्धी सेवा सञ्चालन तथा नगरपालिका एवं मातहतका आवश्यक देहाय बमोजिमका जनशक्तिहरू करार सेवामार्फत पदपूर्ति गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।
देहाय:

| क्र.स | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नापी अधिकृत | १ जना | (भूमि सेवा) |
| २ | सर्भेक्षक | १ जना | (भूमि सेवा) |
| ३ | अमिन | २ जना | (भूमि सेवा) |
| ४ | सहायक कम्प्युटर अपरेटर | २ जना | (भूमि सेवा) |
| | | २ जना | (अस्पताल तर्फ) |
| | | २ जना | (नगर तथा वडा कार्यालय तर्फ) |